# बर्ड फ्लु रोग नियन्त्रण सम्बन्धी प्रेस विज्ञप्ति

(२०७५/०३/३१)

पन्छीमा महामारीको रुपमा देखापर्ने बर्ड फ्लु रोग पन्छीबाट मानिसमा समेत सर्न सक्ने भएता पनि पन्छीजातिमा रोग देखापर्नासाथ समयमै नियन्त्रणका कार्य संचालन गरिएकाले हालसम्म नेपालमा यो रोग मानिसमा देखापरेको छैन। बर्ड फ्लु रोगको जोखिमका आधारमा देशका विभिन्न क्षेत्रलाई वर्गीकरण गरी रोगको सघन निगरानी गर्ने, आवश्यकता अनुसार नमुना संकलन तथा परीक्षण गर्ने र रोग देखापरेमा बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ बमोजिम तत्काल नियन्त्रणका कार्य संचालन गरी आएको व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छौं।

यसैक्रममा २०७५ साल जेठ महिनामा चितवन, काठमाडौं तथा ललितपुर जिल्लाका विभिन्न स्थानमा हाँस, कुखुरा लगायतका पन्छीमा देखापरेको बर्ड फ्लु रोग, बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ बमोजिम तत्काल नियन्त्रणका क्रममा चितवन जिल्लामा १२७४८ पन्छी, १२७५६ अण्डा, ६९८ किलो दाना तथा ११६ किलो मासु; काठमाडौं जिल्लामा ५६३३ पन्छी, ३७२० अण्डा तथा २५० किलो दाना; र ललितपुर जिल्लामा ४४७० पन्छी, १० अण्डा तथा १३१८ किलो दाना नष्ट गरी संक्रमित परिसर सरसफाई तथा निःसंक्रमण लगायतका कार्य संचालन गरी नियन्त्रण गरिएको थियो।

हाल चितवन तथा काठमाडौं जिल्लामा रोग पूर्ण नियन्त्रण भएको ४२ दिन समेत पूरा भैसकेको र यस बिचमा संकलन गरिएका नमुनाहरु परीक्षण गर्दा रोगको शंकास्पद अवस्था समेत देखानपरेको हुँदा बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ को दफा १० को उपदफा (२) बमोजिम चितवन तथा काठमाडौं जिल्लामा लगाइएको वर्ड फ्लु रोग संकटग्रस्त क्षेत्र मिति २०७५।३।३१ गतेबाट हटाइएको तथा ललितपुर जिल्लामा रोगको सघन निगरानी जारी रहेको व्यहोरा समेत सबैलाई जानकारी गराउन चाहान्छौं।

रोग नियन्त्रण कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, सुरक्षाकर्मीहरू, स्वास्थ्यकर्मीहरु, निजामती कर्मचारीहरू, संचारकर्मीहरू लगायत सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै निम्नानुसारका विषयमा ध्यान दिई रोगलाई पूर्ण नियन्त्रणमा राख्ने कार्यमा निरन्तर सहयोग गरिदिन हुन सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्न चाहन्छौं:-

- पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गरी भेटेरिनरी प्रमाणपत्र लिएर गर्न/गराउन हुन,
- सुलीबाट बर्ड फ्लु लगायत पन्छीका अन्य रोग समेत सर्नसक्ने जोखिम भएकाले राम्ररी कम्पोष्ट भैसकेको सुलीमात्र मलको रूपमा प्रयोग गर्न/गराउन हुन,
- सम्पूर्ण पन्छीपालक कृषकहरुले फार्म परिसरमा नियमित रुपमा निसंक्रमण गर्न तथा व्यक्तिगत सरसफाईमा विशेष ध्यानदिनु हुन र
- कुनै पनि पन्छीफार्म वा अन्य पन्छीपालन वा बिक्रीस्थलमा अस्वभाविक रूपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवाका निकायमा सूचना गरिदिनु हुन।

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय